*सानुवा चाम्सो तोइसीक्की : नुमुलु लम्सो प्रोइसक्ती (अज्ञानतामा रुमलियौं : सचेततामा अघि सरौं।)*

# दुमी किरात राई फन्सीकीम

## संस्थागत योजना तथा कार्यक्रम

२०७९ साल पुस १६ गते शनिबार

बसाहा, उदयपुर

दुमी वंशका उत्तराधिकारी उपस्थित व्यक्ति-व्यक्तित्त्वजन,

दुमी बसोबासस्थल बसाहा (उदयपुर) मा सेवा अभिवादन!

दुमी वंश र समुदायको समृद्धिका लागि २०५५ साल असोज ३० गते शुक्रवारका दिन खो. जि. प्र. का. दर्ता नं १२६/०५५ दर्ज रहेको साझा दुमी संस्था 'दुमी किरात राई फन्सीकीम' को ऐतिहासिक रणनीतिक पहिलो बैठकमा हामी आज यहाँ भेला भएका छौं। यस महत्वपूर्ण सभामा गरिने घर-सल्लाहले दुमी समुदायको चाहना र भावना मुताविक सातौं महाधिवेशन २०७९ सँगै संस्थाको भावी कार्यदिशा तय गर्ने मूल उद्देश्य राखी छलफलको मेसोको रूपमा भावी 'योजना र कार्यक्रम' को प्रारम्भिक खाका (रूपरेखा) अघि सारिएको छ। साथमा उपस्थित जिज्ञासु भद्रजन, प्रवुद्ध दुमी व्यक्ति-व्यक्तित्वहरू (विशेष रूपमा पदाधिकारीजन, संरक्षक, सल्लाहकार, परामर्शकज्यूहरू) बाट उचित राय-सुझावसहित यस दस्तावेजले पूर्णता लिनुका साथै कार्यान्वयनमा पर्याप्त आधार तयार गर्ने अपेक्षा समेत गरिन्छ।

**दुकिराफ सातौं महाधिवेशनबाट बनेको कार्यसमिति (२०७९।०६।२९ – २०८१।०६।२८: तीन बर्षे कार्यकाल)**

| | |
|---|---|
| अध्यक्ष: डा. नेत्रमणि हलक्सु | ९८५१०९०७१२ |
| उपाध्यक्ष: ऋषिश्वर सरचु | ९८५१२१९२६६ |
| जानुका रंकासु | ९७४१०५३३९५ |
| दुर्गबहादुर मुरह | ९८०५३४८१९० |
| महासचिव: तेजमाया मुरह | ९८४१४८८६९३ |
| सचिव: सरिता सरचु | ९८६६५४३४१० |
| विकास हजुरचु | ९८४८६५२१७८ |
| प्रकाश सरचु | ९८६१८१६८६८ |
| कोषाध्यक्ष: शिव कुमार दिम्मचु | ९८६२०२२७५६ |
| सह–कोषाध्यक्ष: अनिता हदी | ९८४१४८८६९२ |
| सदस्यहरू: (०८०।०४।०६।७ मा पूर्णता पाएको।) | |

| | |
|---|---|
| सन्तोष दुमी (सत्म) | ९८४३०६२३४४ |
| मातेराज सत्म | ९८५११५२३९६ |
| बसन्त लुप्पो | ९८१९०४७९३० |
| सुजाता हलक्सु | ९८४४६०६१९४ |
| सोनित हदी | ९८६१७१२८७१ |
| ज्ञानबहादुर दुमी | ९८४३०३७९४४ |
| मिना दुमी | ९८४०८८०६७८ |
| धनचन्द्र दीम्मचु | ९८४२९३२७०० |
| जयराम वलक्पा | ९८४३२३५८१६ |
| खबिराज सरचु | ९८४९३६८०७५ |
| हर्कजङ तुराचु | ९८५१०८११७६ |

## दुकिराफ त्रिबर्षीय समयावधी समायोजन २०७९-०८२

| Topic | शीर्षक | Time | महिना | Remarks |
|---|---|---|---|---|
| Warm up | चुम्सीक्सा | 3 months | कातिक, मार्ग, पुस (३) | ३६ |
| Kick-off | प्रोइसीक्सा | 5 months | माघ, फागुन, चैत, वैसाख, जेठ | ३३ |
| Pick up | चोइसीक्सा | 10 months | असार, साउन, भदौ, असोज, कातिक, मार्ग, पुस, माघ, फागुन, चैत | २७ |
| Back up | दुइसीक्सा | 10 months | वैसाख, जेठ, असार, साउन, भदौ, असोज, कातिक, मार्ग, पुस, माघ | १३ |
| Pack up | पुम्सीक्सा | 5 months | फागुन, चैत, वैसाख, जेठ, असार | ०३ |
| Wrap up | बल्सीक्सा | 3 months | साउन, भदौ, असोज | ०० |
| **Total** | | **36 months** | **कातिक –असोज** | |

# Plan & Program (योजना तथा कार्यक्रम)

## A. Primary/short-term plan (अल्पकालीन योजना)

| | |
|---|---|
| i. | Formation of working calendar (दुमी भित्तेपात्रो प्रकाशन) |
| ii. | Isilim volume 23 publication (इसीलीम अंक २३ प्रकाशन) |
| iii. | Dumi Data collection/update (दुमी तथ्याङ्क सङ्कलन/पुनर्ताजकीकरण) |
| iv. | School-wise Dumi Data collection (विद्यालयगत दुमी तथ्याङ्क पुनर्ताजकीकरण) |
| v. | Chronology publication (वंशावली प्रकाशन) |
| vi. | MT & script application & promotion (दुमी भाषा तथा लिपि प्रयोग र प्रवर्द्धन) |
| vii. | Documentation and promotion of Dumi ritual song (संस्कार-संस्कृतिजन्य लोकभाका, रिसिया, आदिको अभिलेखन) |
| viii. | Toponyms preservation & promotion (स्थानीय मौलिक नामहरूको संरक्षण, प्रवर्द्धन) |
| ix. | Encouragement in the involvement of young generation in the ritual and |

| | |
|---|---|
| | cultural activities (संस्कार-सांस्कृतिक क्रियाकलापमा युवा पुस्ताको सहभागितातर्फ प्रोत्साहन) |
| x. | Publication of Practical Dumi dictionary, reading material; language classes (प्रयोगात्मक दुमी शब्दकोश तथा पाठ्य-सामग्री प्रकाशन, प्रयोगात्मक भाषाकक्षा सञ्चालन) |
| xi. | Data collection & documentation of the Senior Dumi people (अनुभवी दुमी व्यक्तित्वहरू: दुमी पुर्खा, कुवि, धामी-बिजुवा आदिको तथ्याङ्क संकलन तथा जीवनी अभिलेखन) |
| xii. | Periodical lecture series on the Dumi ethnic identity (दुमी वंश र पहिचानको बारेमा नियमित प्रवचन श्रृङ्खलाको सुरुवात) |
| xiii. | Self-help/self-identity skill development and promotion (स्वावलम्बन तथा स्वपहिचानजन्य स्थानीय पुर्ख्यौली ज्ञान-सिपहरूको प्रवर्द्धन र विकास) |

**B. Secondary/Mid-term plan (मध्यकालिन योजना)**

| | |
|---|---|
| i. | Coordination with other organizations. (अन्य संस्थाहरूसँग समन्वय एवं सहकार्य।) |
| ii. | Coordination with local/central government in favour of the Dumi clan/community. (समसामयिक सनदर्भमा स्थानीय/संघीय सरकारसँग सहकार्य।) |
| iii. | Coordination with the local government for the preparation of curriculum and textbook for the formal/non-formal MT education. (स्थानीय सरकारको संलग्नतामा दुमी भाषामा तहगत पाठ्यक्रम-पाठ्यपुस्तकको निर्माण गरी पठनपाठन।) |
| iv. | Implementing the declaration in the 7th conference of DKRF in Makpa. (सातौ महाधिवेशन २०७९ माक्पामा घोषित घोषणापत्रमा उल्लेखित प्रतिवद्धताको कार्यान्वयन।) |
| v. | Establishment of Dumi office, library and reading room in Dumi locality. (दुमी बसोबास क्षेत्रमा दुमी कार्यालय, पुस्तकालय, वाचनालय आदिको स्थापना/सुरुवात।) |
| vi. | Talk program / Lecture series in contemporary issues in the ethnic identity. (स्वपहिचानबारे प्रवचन श्रृङ्खलाको सुरुवात गरी नियमित रूपमा सञ्चालन।) |
| vii. | Initiation of organizational awards/rewards within the community. (समुदायभित्र संस्थागत प्रशंसा, कदर तथा सम्मान गर्ने संस्कारको सुरुवात तथा विकास।) |
| viii. | Initiation of sustainable development together with the self-governance of Kirat identity. (स्वशासन सहित किरात पहिचानको दीगो विकासमा पहल र प्रयास।) |
| ix. | Series-wise regional publication of the Dumi rituals. (क्षेत्रगत श्रृङ्खलावद्ध दुमी |

| | |
|---|---|
| | संस्कारगत गतिविधिहरूको सङ्कलन तथा प्रकाशन कार्यलाई निरन्तरता।) |
| x. | Documentation and publication of "Dumi Mundum": the detailed description of Dumi rituals, culture and traditional knowledge & skills. ('दुमी मुन्दुम' अभिलेखन: दुमी संस्कार, संस्कृति र परम्परागत ज्ञान-सिपको संरक्षण संवर्द्धन र प्रकाशन।) |
| xi. | Dumi building construction in "KhaJaBaSaMa" and in other possible Dumi areas. ("खाजाबासमा" तथा अन्य सम्भावित दुमी क्षेत्रहरूमा *दुमी रुरीकीम* 'दुमी भवन' निर्माण।) |
| xii. | Exhibition and sale of Dumi production, publication & reading materials. (स्वपहिचानजन्य दुमी उत्पादन सामग्री, प्रकाशन र पाठ्य-सामग्रीको प्रदर्शन तथा बिक्री-वितरण।) |

C. Tertiary/Long-term plan (दीर्घकालिन योजना)

| | |
|---|---|
| i. | Construction of Dumi building in Kathmandu valley. (दुमी संस्थाको प्रयास र पहलमा यलखोममा *दुमी रुरीकीम* 'दुमी भवन' निर्माण।) |
| ii. | Establish DKRF as the model organization among the 27 different Kirat organizations. (२८ थरी किरात संस्थाहरूमध्ये 'दुकिराफ' लाई एक नमुना संस्थाको रूपमा स्थापित गर्नेतर्फ विशेष योजना र कार्यक्रमलाई अक्षरश: कार्यान्वयन।) |
| iii. | Creat environment/situation: Dumi people in search of DKRF rather than DKRF in search of the Dumi people. (दुमीजनलाई दुकिराफ संस्थाप्रति जिम्मेवार तुल्याउने, नकि 'दुकिराफ' संस्थाले सधै दुमीजन खोजिहिँड्न परोस्।) |

# Overall program (समग्र कार्यक्रम):

1. Everlasting fund management/MOE (अक्षयकोष व्यवस्थापन/सम्झौता दस्तावेज कार्यान्वयन।)
2. Data updating of the organization's properties (संस्थाको सम्पति विवरण अद्यावधी।)
3. Finding the youth employment-based stable income source of organization (युवा-स्वरोजगार केन्द्रित भरपर्दो आयस्रोतको खोजी तथा व्यवस्थापन।)
4. Management of research fund (सोधकार्य कोष व्यवस्थापन।)
5. Encourage the young generation for the research in self-identity and self-belongingness (युवा-पुस्तालाई अपनत्त्वबारे खोज-अध्ययनमा प्रोत्साहन।)

6. Motivation of Dumi people for self-belongingness of the organization 'DKRF' (दुमी समुदायबीच दुमी संस्थाप्रति अपनत्त्वबोधमा व्यापकता।)
7. Dumi Day (दुमी दिवस: स्वपहिचानमा आधारित सिर्जनशील कार्यक्रमको आयोजना)

   (नोट: २९औं स्थापना दिवश २०७९ साल कातिक २३ गते बुधबार लाम्दीजामा सम्पन्न।)
8. DKRF's flag (दुकिराफ झण्डा प्रयोगमा व्यापकता।)
9. Job coordination within the organizational executives, counselors, advisors and patrons (संस्थाअन्तर्गत कार्यकारी, परामर्शक, सल्लाहकार, संरक्षकबीच सहकार्य।)
10. Updating the existing number of all kind of members (सबै प्रकारका मौजुदा सदस्यताहरूको ताजकीकरण।)
11. Updating and extension of all types of members (सबै प्रकारका सदस्यताहरू: साधारण, आजीवन, मान्नार्थ आदिको वितरणमा विस्तार, ताजकीकरण तथा नविकरण।)
12. Increment in the number of patrons (संरक्षक कोष र सङ्ख्यामा विकास र विस्तार।)
13. Data collection of Dumi-land and building (दुमी संस्थागत जग्गा तथा भवनको विस्तार तथा तथ्याङ्क ताजकीकरण।)
14. Recommendation process & fee for the members of the society (दुमी समुदाय सदस्यहरूका लागि सिफारिस प्रक्रिया र शुल्क निर्धारण।)
15. Development of the environment of self-respect and following the rules & regulations by the committee members (कार्यसमिति सदस्यहरूबीच आचारसंहिताको पालनासहित सह-अस्तित्वको स्वस्थ र सुमधुर सम्बन्धको विकास।)
16. Patron/Advisory /Counseling board formation (संरक्षक/सल्लाहकार/परामर्शकहरूको मनोनयन तथा विस्तार।)
17. Review the membership fee (सदस्यता नविकरण शुल्कमा पुनर्विचार।)
18. Promotion of the establishment of everlasting fund ('अक्षय कोष' वृद्धि)
19. In search of research Project/grant support (परियोजनागत सञ्चालनमा जोड।)
20. Accomplishment of Dumi activities locally & globally (दुमी गतिविधिको स्थानीय एवं विश्वव्यापी परिपूर्णता।)

21. Development of equity concept within the committee members, promoters, patrons, advisors, counsellors (समितिका पदाधिकारी, संस्थापक, संरक्षक, सल्लाहकार, परामर्शकहरू बीच सह-अस्तित्वको विकास।)

22. Combine effort together with local, regional and global wings (स्थानीय, क्षेत्रीय र विश्वव्यापी रूपमा कार्यगत एकता, समन्वय एवं सहकार्य।)

23. Appreciation of potential/energetic Dumi offspring with regard to the organization (प्रतिभावान दुमी सन्ततिहरूलाई संस्थागत प्रशंसा तथा सम्मान।)

24. Focus on Dumi identity and dignity (दुमी पहिचान र प्रतिष्ठाप्रति केन्द्रित।)

25. Encouragement of Kirat oriented self-help, health cautious, entrepreneurship, independent, inter-disciplinary activities (किरातजन्य स्वावलम्बन, संचेतना, परम्परागत ज्ञान र सिपको व्यावसायिकीकरण, आत्मनिर्भरता, विधागत क्रियाकलापहरूमा प्रोत्साहन।)

26. Advancement in the disciplines relevant to the Kirati music, sports, literature, arts etc. (विभिन्न किरात पहिचानजन्य गीत-सङ्गीत, खेल, साहित्य, कला आदिको विकास र विस्तार।)

27. Organization of regular interaction program as the feedback/comment session. (पृष्ठपोषण/टिप्पणीका लागि नियमित अन्तर्क्रियात्मक कार्यक्रमको आयोजना।)

28. Focus on Dumi community awareness and integration. (दुमी समाजमा संचेतना तथा एकिकृत सवलीकरणतर्फ विशेष जोड।)

29. Be warned and alert about Dumi social mobilization & welfare. (दुमी समाज कल्याण तथा समुदाय परिचालनतर्फ विशेष सतर्कता एवं तदारूक्ता।)

30. Uplink of the clan relation in the national & international mechanism. (राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्जालमा दुमी वंशगत सम्बन्ध विस्तार।)

31. Updating the recent data of the periodical local rituals, customs and festivals. (स्थानीय नियमित संस्कार-संस्कृतिजन्य चाडबाडको तथ्याङ्क पुनर्ताजकीकरण।)

32. Preservation of the local cultural heritage and promotion of the guidance activities. (स्थानीय ऐतिहासिक सांस्कृतिक सम्पदाको संरक्षण एवं समुचित प्रवर्द्धन।)

33. Preservation of historical and archeological assets. (ऐतिहासिक एवं पुरातात्विक सम्पदाको संरक्षण र संवर्द्धन।)

34. Seasonal campaign for contemporary social awareness & welfare program. (समसामयिक सामाजिक जागरण तथा समाज कल्याण अभियान सञ्चालन।)

35. Demand-based & contemporary organizational strengthening & expansion. (मागमा आधारित तथा समयसापेक्ष संस्थागत सवलीकरण एवं विस्तार।)

36. Promotion and entrepreneurship of the ritual tools and materials. (संस्कारजन्य आवश्यकीय "जन्मदेखि मरणसम्मका" वस्तुहरूको अभिलेखन तथा संरक्षण-संवर्द्धन।)

37. Organize traditional activities of local skills /games. (समसामयिक मनोरञ्जनात्मक मौलिक क्रियाकलापहरू: बाघचाल, गट्टी, डण्डीबियो, खोप्पी आदिको आयोजना।)

38. Promotion of traditional handicrafts and skill-oriented schemes. (परम्परागत घरेलु कलाकौशलता/सीपजन्य गितिविधिहरू: खाँडीतान, मुर्चुङ्गा, बिनायो, मुरली, बाँसुरी, पुङबाजा, फिपि, डालो, नाङ्लो, डोको, नाम्लो, सीलीदुङ, बफ्याक्सु, धजुरी-पेचुरी, अम्लेरी-ओम्पुलु आदि उत्पादनमा प्रोत्साहन।)

39. Focus on creativity: Selective, collective, productive accomplishment. (सिर्जनशील कार्यहरूमा जोड: खारिदो, सामुहिक, परिणाममुखी प्रतिफलमा ध्यान केन्द्रित।)

40. Be aware of the situational/intentional local, national and international threats/challenges of community and organization. (स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिजन्य/नियोजित चुनौती/खतरादेखि सचेत र सावधान।)

41. Be in frequent/regular contact among the local, regional and central wings of the Dumi organization 'DKRF'. (दुमी संस्थाको देल्कीम/स्थानीय, दुम्कीम/क्षेत्रीय र फन्सीकीम/केन्द्रीय निकायहरू बीच नियमित रूपमा आपसी संवाद/सम्पर्क।)

42. Explore the new dimensions of the creativity oriented to the Dumi ethnicity through the organization. (संस्थामार्फत समुदायको मौलिकताका नविन आयामहरूको पहिचान।)

43. Construction of Dumi building and establishment of Dumi organization. (दुमी बसोबास क्षेत्रमा *रुरीकीम* 'साझा चुलाघर' / *तुसीकीम* 'सङ्ग्रहालय' तथा कार्यालय व्यवस्थापन।)

44. Collective effort together with the team building in Dumi community. (एकिकृत भावनाका साथ सामुहिक संलग्नतामा विशेष प्रयास)

45. Promotion of the linkage of Dumi self-identity with the information technology. (दुमी स्वपहिचानलाई प्रविधिको सदुपयोगद्वारा प्रवर्द्धन)

**अलनु (धन्यवाद!)**

**२०७९ साल पुस १६ गते शनिबार**

**दुकिराफद्वारा-**

1. दुकिराफ कार्यसमिति (१७+ ...)।
2. दुकिराफ अन्तर्गत समितिगत जिम्मेवारी बाँडफाँड।
3. आवश्यकता अनुसार ३/६/९ महिनामा नियमित बैठक।
4. संस्था नविकरणसँगै संस्थागत नियमित प्रशासनिक कार्य सम्पादन।
5. छीरीयाम्लो/धीरीयाम्लो दुकिराफ दुम्कीमहरूसहितको वृहद सभा-गोष्ठी तथा दुमी वंश भेला।
6. छीरीयाम्लो/धीरीयाम्लोको अवसरमा तोसी/साकेला सीलीको आयोजनामा व्यापकता।
7. बर्षेनी कातिक २३ गते दुम्कीमको समन्वयकारी भूमिकामा आलोपालो गरी दुमी दिवस।
8. बर्षेनी माघे सक्रातिका दिन यलम्बर दिवसको आयोजनामा विभिन्न कार्यक्रमसहित व्यापकता।
9. स्थानीय दुम्कीमहरूको नियमित मासिक बैठकमा फन्सीकीम पदाधिकारीहरू अनिवार्य उपस्थित भई आवश्यक राय-सल्लाह-सुझाव तथा सरसहयोग प्रदान।
10. सदस्यता (साधारण, आजीवन, मान्नार्थ, संरक्षक) वितरण तथा अक्षयकोषमा वृद्धि।
11. आगामी ७०८० साल उभौलीको अवसरमा मौलिक साङ्गीतिक कार्यक्रमका साथ दुमी वंशावली संग्रह, दुमी कथाको किताब, दुमी प्रयोगात्मक शब्दकोश प्रकाशन।
12. मासिक *होपु सीङ्सी* (स्वचर्चा) को सन्दर्भ:
    - दुमी संस्था
    - दुमी खुलुखुक्सु
    - दुमी सुबुकु
    - वंशावली-इतिहास
    - भाषा-संस्कार
    - कला-संस्कृति
    - साहित्य
    - कुल-कुटुम्ब
    - वात्त्व-छारी
    - सुप्तुलु (पितृचुला)
    - सुलुम (चिहान)
    - रूल्सीखोम (चौतारौ)
    - नीनाम (प्रकृति)
    - पितृ-पुर्खा
    - सामे तथा पाछा
    - रीदुम-हदुम
    - तोसी/साकेला
    - समसामयिक सन्दर्भ

**# अब के गर्ने ?**

1. दुमी बसोबास क्षेत्रहरूमा आलोपालो गरी संस्थागत नियमित वृहद् बैठक, वंश भेला तथा महाधिवेशनको आयोजनाको थीतिलाई निरन्तरता दिने।
2. स्थानीय स्रोत-साधनको सदुपयोग/परिचालन गरी संस्थागत गतिविधि सञ्चालन गर्ने।
3. दुमी थातथलो, भोटपर्देश र देश-विदेशमा रहनु भएका दुमीजनको विवरण अध्यावधि गर्ने।
4. संस्थाका पदाधिकारीहरू (फन्सीकीम, दुम्कीम) ले आजीवन सदस्यता अनिवार्य लिनु पर्ने।
5. दुमी संस्थाको उत्पादनलाई बिक्री वितरण गरी मार्जिनको ५०% (वा जम्मा बिक्रीबापतको २५%) कोष बाध्ने।
6. स्थानीय दुमी व्यक्ति-व्यक्तित्त्वहरूलाई आजीवन सदस्यता वितरण गरी आजीवन सदस्यता (अक्षय) कोषमा रकम जम्मा गरी सोको विवरण ताजकीकरण गर्ने-गराउने।
7. दुम्कीम तथा देल्कीम प्रोत्साहन कार्यक्रम तथा अक्षय कोषको व्यवस्थापन गर्ने।
8. देल्कीम, दुम्कीम र फन्सीकीमबीच समन्वय गर्न एक संयन्त्रको व्यवस्था गर्ने।
9. आर्थिक पारदर्शितालाई कायम राख्न कोषाध्यक्षको संयोजकत्त्वमा आर्थिक समिति चयन गर्ने।
10. इसीलीम तथा बार्षिक क्यालेण्डर (प्रत्येक दुम्कीमबाट व्यवस्थापक चयन गरी) छपाईका लागि प्रक्रिया अघि बढाउने।
11. बार्षिक चाडबाड (फन्सीकीम तथा दुम्कीमहरूबीच समन्वय भएपश्चात) को सूची तयार पार्ने।
12. संस्थागत गतिविधि (फन्सीकीम तथा दुम्कीमहरूबीच समन्वय गरी) को सूची तयार पार्ने।
13. हरेक दुम्कीमले बार्षिक कार्ययोजना तयार पारी महिनादिन भित्रमा फन्सीकीममा पेश गर्ने।
14. संस्थागत संलग्नता/क्रियाशीलताको मूल्याङ्कन गरी (विधानत: व्यवस्था भएअनुसार) लगातार दुई कार्यकाल पूरा गरेसँगै फन्सीकीम अध्यक्षलाई स्वत: सल्लाहकार र अन्यलाई परामर्शक मनोनयन गर्ने।
15. संस्थागत योगदान एवं विषयगत दक्षताका आधारमा दुकिराफ संस्थाको परामर्शक, सल्लाहकार तथा संरक्षक मनोनयन गर्ने।

**पुनश्च:** परामर्शकहरूमध्येबाट संस्थागत क्रियाशीलता हेरी कार्यसमितिमा पदपूर्ती गर्न सकिनेछ।

।। अलनु ।।

दुमी किरात राई फन्सीकीम

स्थापना २०५५

ऐतिहासिक सातौं महाधिवेशन

माक्पा घोषणापत्र २०७९

असोज २९ गते शनिबार

दुमी किरात राई फन्सीकीमको सातौं महाधिवेशनको समापनसँगै निम्न सात बुँदे घोषणापत्र जारि गरिन्छ:

1. भाषा-संस्कार र कला-संस्कृतिको संरक्षण संवर्द्धन गर्दै दुमी थातथलोमा रहेका ऐतिहासिक निसानी आदिम स्थानीय नामहरूलाई पुनरुत्थान गर्ने।
2. दुमीभाषामा औपचारिक / अनौपचारिक पठन-पाठनका लागि पाठ्यक्रम-पाठ्यपुस्तक तयार पार्ने कार्यलाई निरन्तरता दिँदै स्थानीय विद्यालयहरूमा दुमी भाषामा पठन-पाठन कार्यलाई अघि बढाउने।
3. दुमी थातथलोमा रहेका ऐतिहासिक सांस्कृतिक धरोहरहरूलाई संरक्षण गर्दै तिनको पहिचान स्थापित गराउन अभिलेखन (श्रब्य-दृश्य माध्यमबाट) गर्ने।
4. १२औं राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क विश्लेषण हुँदै गरेको परिप्रेक्ष्यमा राष्ट्रिय तथ्याङ्क कार्यालयमा दुमी तथ्याङ्क ताजकीकरणमा तथ्य विवरण- (क) थर : दुमी, (ख) मातृभाषा : दुमी, (ग) पुर्ख्यौली भाषा : दुमी, (घ) जाति : राई, (ङ) धर्म : किरात, लेख्न लेखाउन ज्ञापनपत्र पेश गरी सचेत गराउने।
5. दुमी किरात राईहरूको इतिहासको दसी वंशावलीलाई महिला-पुरुष दुवैको विवरणसहित आगामी धीरीयाम्लो (उभौली २०८०) मा प्रकाशन गर्ने।
6. दुमी किरात राई समुदायमा क्षेत्रगत रूपमा जुन रूपमा भएपनि अस्तित्त्वमा रहेको विशाल किरात सभ्यता अन्तर्गत दुमी किरात राईको अपनत्त्व झल्किने 'मुदुम' (दुमी वंशको उत्पति, विकास, संस्कार, संस्कृति, चालचलन, रहन-सहन, आनिबानी, जीवनपद्धति आदि पक्षहरू समेटी समुच्च) को संरक्षणार्थ संकलन, अभिलेखन एवं प्रकाशन गर्ने।
7. राष्ट्रिय पहिचानजन्य विषयहरूमा अभिभावक संस्था 'किराया' सँग सहकार्य गर्दै दुमी समुदायले सुम्पेको वंशगत तथा संस्थागत भूमिकालाई हरेक देल्कीम, दुम्कीमसँग सदा साथसँगै जिम्मेवारी निर्वाह गर्ने।

***अलनु*** (धन्यवाद!)

# दुमी किरात राई फन्सीकीम

## ऐतिहासिक सातौं महाधिवेशन २०७९

### पदाधिकारीहरू

माक्पा (खोटाङ)मा सम्पन्न दुमी किरात राई फन्सीकीमको सातौं महाधिवेशन (२-७९।०७।२९-२९ गते) बाट सर्वसम्मत चयन गरिएका पदाधिकारीहरू:

| | | |
|---|---|---|
| अध्यक्षः | डा. नेत्रमणि हलक्सु | ९८५१०९०७१२ |
| उपाध्यक्षः | ऋषिश्वर सरचु | ९८५१२१९२६६ |
| | जानुका रंकासु | ९७४१०५३३९५ |
| महासचिव | तेजमाया मुरह | ९८४१४८८६९३ |
| सचिव | सरिता सरचु | ९८६६५४३४१० |
| | विकास हलक्सु | ९८४८६५२१७८ |
| कोषाध्यक्ष | शिव कुमार दिम्मचु | ९८६२०२२७५६ |
| सह–कोषाध्यक्ष | अनिता हदी | ९८४१४८८६९२ |
| सदस्यहरु | सन्तोष दुमी | ९८४३०६२३४४ |
| | मातेराज सत्म | ९८५११५२३९६ |
| | बसन्त लुप्पो | ९८१९०४७९३० |
| | सुजाता हलक्सु | ९८४४६०६१९४ |

***अलनु*** (धन्यवाद!)